# चैनपुर नगरपालिका

## स्थानीय राजपत्र

### चैनपुर नगरपालिका द्वारा प्रकाशित

**खण्डः ७ संख्याः ८ मितिः २०८०/१०/२३**

### भाग १

**कर्मचारीहरुको तह वृद्धि, बढुवा तथा तह मिलान गर्ने सम्बन्धी कार्यविधि, २०८०**

सम्वत् २०८० सालको कार्यविधि नं. ४ (चार)

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः- २०८०/१०/२३**

**राजपत्रमा प्रकाशित मितिः- २०८०/१०/२९**

**१.प्रस्तावना**

कोशी प्रदेश सरकारबाट जारी भएको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" मा गरिएको तह वृद्धि, तह मिलान तथा बढुवा सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी चैनपुर नगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

**२.संक्षिप्त नाम र प्रारम्भ** – (१) यो कार्यविधिको नाम **"चैनपुर नगरपालिकाको कर्मचारीहरुको तह वृद्धि, बढुवा तथा तह मिलान सम्बन्धी कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ ।

**३.परिभाषा**- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) **"ऐन"** भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्दछ ।

(२) **"कर्मचारी"** भन्नाले चैनपुर नगरपालिका अन्तर्गतको सेवाका पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ। सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम साविकका स्थानीय निकाय, विकास समिति, संघीय निजामती सेवाबाट स्थानीय तहमा समायोजन भएका र संघीय तथा प्रदेश लोकसेवा आयोगबाट स्थानीय तहको लागि सिफारिस भई चैनपुर नगरपालिकामा स्थायी नियुक्ति भएका कर्मचारी समेतलाई जनाउँदछ ।

(३) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्दछ ।

(४) **"नगर कार्यपालिका"** भन्नाले चैनपुर नगर कार्यपालिका सम्झनु पर्दछ ।

(५) **"प्रदेश लोक सेवा आयोग"** भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।

(६) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकारी सरकारी सेवा(गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १०९ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(७) **"समायोजन ऐन"** भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ सम्झनु पर्छ ।

४.सूचना प्रकाशन सम्बन्धी व्यवस्था – (१) स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा ३ बमोजिम तहबृद्धिका लागि प्रत्येक वर्षको असार महिना र पुस महिनाको अन्तिम हप्तामा तहबृद्धिका लागि सम्भाव्य उम्मेदवारहरुको जानकारीका लागि ३०(तीस) दिनको म्याद दिई अनुसूची-१ अनुसारको दरखास्त आव्हान सम्बन्धी सूचना प्रकाशित गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम सूचनाको हकमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० जारी भए पश्चात नगर कार्यपालिकाले पौष महिनामा प्रकाशित सूचनालाई एक पटकको लागि तहवृद्धि गर्न बाधा पर्ने छैन।

(३) तहबृद्धिका लागि उपदफा १ बमोजिम सुचनामा तोकिएको मिति भित्र दरखास्त दिने उम्मेदवारहरुले दरखास्तका साथमा पछिल्लो ३ वर्षको कार्य सम्पादन मुल्याकन र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा १ बमोजिम न्युनतम शैक्षिक योग्यता हासिल गरेको शैक्षिक प्रमाण पत्रका प्रमाणित प्रतिलिपिहरु संलग्न गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्रकाशित सूचना नगरपालिकाको सूचना पाटीमा प्रकाशन गर्नुका साथै नगरपालिकाको वेभसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ।

५. सिफारिस समिति गठन सम्बन्धी ब्यवस्था – (१) स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा ४ बमोजिमको देहाय अनुसारको तहबृद्धि सिफारिस समिति रहने छ ।

देहाय

(क) प्रमुख प्रशासकीय अधिकृत – अध्यक्ष

(ख) नगरपालिकाका बरिष्ठ कर्मचारी मध्ये एक जना महिला सहित नगर कार्यपालिकाले तोकेको २ जना कर्मचारी -सदस्य

(२) उपदफा १ बमोजिम गठित समितिको सचिवालयको रुपमा कार्य गर्ने गरी नगर कार्यपालिकाको प्रशासन शाखाले काम गर्नेछ ।

(३) समितिको बैठक सम्बन्धि कार्यविधि समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

६. आवश्यक न्युनतम शैक्षिक योग्यता र सेवा अवधी सम्बन्धी ब्यवस्था –

(१) दफा ४ को उपदफा १ बमोजिम तहबृद्धिका लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा १ बमोजिमको न्युनतम शैक्षिक योग्यता पुरा भएको हुनु पर्नेछ ।

(२) दफा ४ को उपदफा १ बमोजिम तहवृद्धिका लागि हाल नियुक्ति भएको पदको सेवा अवधि दरखास्त दिने अन्तिम मिति सम्ममा पाँच वर्ष पुरा भएको हुनु पर्नेछ ।

(३) दफा ७ को उपदफा ३ बमोजिमको बढुवाका लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २८ को उपदफा १ बमोजिम न्युनतम शैक्षिक योग्यता पुरा भएको हुनु पर्नेछ ।

(४) दफा ७ को उपदफा ३ बमोजिमको बढुवाका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा २९ को उपदफा १ बमोजिमको सेवा अवधी पुरा भएको हुनु पर्नेछ ।

(५) दफा २७(१) बमोजिम स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौ तहबाट छैठौं तह, सातौं तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तह वृद्धि गर्दा तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा ५ वर्षको सेवा अवधि पुरा भएको र पछिल्लो ३ वर्षको कार्य सम्पादन मूल्यांकनमा औसत नब्बे प्रतिशत अंक प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहमा तह वृद्धि गरिनेछ।

<u>७ तहबृद्धि तथा बढुवा सम्बन्धी विशेष ब्यवस्था –</u>

(१) स्थानीय सरकारी सेवा(गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८ को उपदफा १३ बमोजिम सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले पाँचौ तहको तहबृद्धि सम्बन्धि निर्णय गरी नियुक्ति पत्र दिइनेछ ।

(२) स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८ को उपदफा १६ बमोजिम साविक स्थानीय निकायको स्विकृत दरबन्दीमा अधिकृत छैठौं र आठौं तहको पदमा स्थायी नियुक्ति भई स्थानीय तहको सोही तहको पदमा कामकाज गरिरहेका र निजामती सेवा बाहेकबाट समायोजन भई आएका र एक पटक पनि तह वृद्धि सुविधा नपाएका कर्मचारीलाई माथिल्लो तहका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता पुगेका भएमा ऐनको दफा २७ को उपदफा ४ बमोजिमको समितिको सिफारिसको आधारमा अख्तियारवालाले एक पटकका लागि स्थानीय सरकारी सेवाको क्रमशः अधिकृत सातौं र नवौं तहमा बढुवा गरिनेछ ।

(३) स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४ को उपदफा ५ बमोजिमको तह बृद्धि हुने कर्मचारीलाई सिफारिस समितिको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति दिनु पर्नेछ ।

(४) यस नगरपालिका अन्तर्गत दरबन्दी भएका तर अन्यत्रै कामकाजमा खटिएका कर्मचारीको हकमा पदाधिकार रहेकै कार्यालयमा तहवृद्धि, बढुवा र तह मिलान गरिनेछ ।

(५) दफा २७(१) बमोजिम स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौ तहबाट छैठौं तह, सातौं तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तह वृद्धि गर्दा तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा ५ वर्षको सेवा अवधि पुरा भएको र पछिल्लो ३ वर्षको कार्य सम्पादन मूल्यांकनमा औसत नब्बे प्रतिशत अंक प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहमा तह वृद्धि गरिनेछ।

(६) ऐनको दफा २८ बमोजिमको बढुवाका लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यतामा खुलाए बमोजिम हुनेछ।

(७) नियुक्ति पत्र दिँदा अनुसूची २ को ढाँचामा दिनु पर्नेछ ।

८. <u>तह मिलान सम्बन्धी ब्यवस्था –</u> संघीय लोक सेवा वा प्रदेश लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्धारा स्थानीय सेवाको छैठौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई ऐनको दफा ८ को उपदफा १७ नं. बमोजिम अख्तियारवालाले स्वतः सातौं तह मिलान गरिदिनेछ। यसरी सातौं तह मिलान गर्दा स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षणमा कायम रहेको छैठौं तहको पद समेत सातौं तह कायम गरी नगरसभाबाट अनुमोदन गराउनु पर्नेछ।

९. <u>ज्येष्ठता सम्बन्धी व्यवस्था –</u>

(१) तहबृद्धि हुने कर्मचारीको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २६ को उपदफा (१) (२) र (३) बमोजिम ज्येष्ठता कायम हुनेछ ।

<u>१०. बाधा अडकाउ फुकाउने सम्बन्धि ब्यवस्था -</u>

(१) कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउन प्रदेश लोक सेवा आयोगसँग नगर कार्यपालिकाले परामर्श लिन सक्ने छ ।

<u>११. तहबृद्धि, बढुवा तथा तह मिलान गर्न नहुने सम्बन्धी व्यवस्था -</u>

(१) देहायको अवस्था रहेमा तह बृद्धिका लागि उम्मेदवार हुन पाउने छैन ।

देहाय-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर ,

(ख) तह बृद्धि  वा बढुवा रोक्का भएकोमा सो अवधिभर ,

(ग) तलब बृद्धि रोक्का भएकोमा सो अवधिभर ,

(घ) सेवा समुह परिवर्तन गरेको भए सो भएको ३ वर्ष पुरा नभएको ,

(ङ) असाधारण वा अध्ययन विदामा बसेको भए सो विदाको अवधिभर ,

(च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा कानुन बमोजिम ब्यवसायिक परिषदमा दर्ता नभएको वा नविकरण नगरेको वा निलम्बनमा रहेको भए सो अवधिभर,

<u>१२. जानकारी दिनु पर्ने सम्बन्धी व्यवस्था -</u>

(१) दफा ७ बमोजिम तहवृद्धि, बढुवा वा तह मिलान भएको मितिले पन्ध्र दिन भित्रमा सो को जानकारी प्रदेश किताबखाना र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ ।

<u>१३. उजुरी/गुनासो सम्बन्धी व्यवस्था</u>- (१) यो कार्यविधि बमोजिम तह वृद्धि, बढुवा वा तह मिलानको निर्णय उपर चित्त नबुझे तहवृद्धि, बढुवा वा तह मिलान निर्णय भएको मितिले २१ दिन भित्र प्रदेश लोकसेवा आयोगमा निवेदन दिन सकिनेछ ।

<u>१४. प्रचलित कानुन बमोजिम हुने ब्यवस्था</u>-(१) यस कार्यविधिमा उल्लेख भएको हकमा कार्यविधि बमोजिम र नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

<u>१५. खारेजी तथा बचाउ</u>-(१) "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०" बमोजिम यस नगर कार्यपालिकाबाट स्वीकृत "कर्मचारीहरुको तह वृद्धि बढुवा सम्बन्धी कार्यविधि, २०८०" खारेज गरिएको छ।

अनुसूची- १

कार्यविधिको दफा ४ को उपदफा २ तथा दफा १५ सँग सम्बन्धित

मितिः

..............................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

चैनपुर नगर कार्यपालिकाको कार्यालय, चैनपुर, संखुवासभा ।

विषयः- <u>तहवृद्धि/ मिलान गरी पाउँ सम्बन्धमा</u> ।

प्रस्तुत विषयमा **चैनपुर नगरपालिकाको कर्मचारीहरुको तह वृद्धि, बढुवा तथा तह मिलान गर्ने सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको कार्यविधि, २०८०** " को दफा ७ को उपदफा .................. बमोजिम देहायका प्रमाण पत्रहरु सम्लग्न राखी तहबृद्धि/बढुवा वा तह मिलानका लागि यो निवेदन पेश गरेको छु ।

<u>निवेदनका साथ पेश गरेका कागजातहरु</u>

क) समायोजन पत्रको प्रतिलिपि ।

ख) नियुक्ति पत्रको प्रतिलिपि ।

ग) बढुवा/ स्तर वृद्धि/ तह वृद्धि भएको पत्रको प्रतिलिपि।

घ) तोकिएको शैक्षिक योग्यताको लब्धाँक पत्र र चारित्रिक प्रमाण पत्रको उम्मेदवार स्वयंले प्रमाणित गरेको प्रति ।

| हालको विवरण | तहबृद्धि/ मिलान हुने |
|---|---|
| पद-<br>तह-<br>सेवा-<br>समुह-<br>कार्यालय- | पद -<br>तह-<br>सेवा-<br>समुह -<br>कार्यालय- |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

<u>निवेदक</u>

कर्मचारीको नाम/थरः- ..............................................

संकेत नं.ः- ...............................................

समायोजन मितिः- .........................................

हालको पद र तहः- ..........................................

समुहः- .............................................................

अनुसूची -२

कार्यविधिको दफा ८ सँग सम्बन्धित

(कार्यालयको लेटर हेड)

मिति-.

विषय- तहबृद्धि गरिएको सम्बन्धमा ।

महाशय,

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ............बमोजिम तपाईलाई यस कार्यालयको मिति ............. को निर्णय अनुसार मिति .....................देखि ज्येष्ठता कायम हुने गरी देहाय बमोजिमको पदमा तहबृद्धि गरिएको छ ।

तहबृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना गर्दछु।

| **हालको विवरण** | **तहबृद्धि भएको विवरण** |
|---|---|
| पद-<br>तह-<br>सेवा-<br>समुह-<br>कार्यालय- | पद -<br>तह-<br>सेवा-<br>समुह -<br>कार्यालय- |

श्री .....................................

संकेत नं.................................

.............................

प्रमुख प्रशासकीय अधिकृत

<u>वोधार्थ-</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

श्री लोकसेवा आयोग, केन्द्रिय कार्यालय, अनामनगर, काठमाण्डौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश विराटनगर नेपाल ।

श्री राष्ट्रिय किताबखाना (निजामती) पुल्चोक ललितपुर।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश विराटनगर नेपाल ।

श्री प्रदेश किताबखाना, कोशी प्रदेश विराटनगर नेपाल ।

श्री कर्मचारी सञ्चय कोष , विराटनगर।

श्री सावधिक जिवन विमा कोष, विराटनगर।

श्री नागरिक लगानी कोष, विराटनगर ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, संखुवासभा।

श्री आर्थिक प्रशासन शाखा, चैनपुर नगरपालिका ।

अनुसूची -३

कार्यविधिको दफा १५ सँग सम्बन्धित

(कार्यालयको लेटर हेड)

मिति-.

विषय- तह मिलान गरिएको सम्बन्धमा ।

महाशय,

तपाइलाई कोशी प्रदेश, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८(१७) र दफा २६(३) तथा यस चैनपुर नगरपालिकाको नगर सभाबाट मिति २०८०/१०/२५ गते अनुमोदन भएको चैनपुर नगरपालिका कर्मचारीहरुको तह वृद्धि तथा तह मिलान गर्ने सम्बन्धी कार्यविधि, २०८० को दफा १५ अनुसार मिति..........................देखि ज्येष्ठता लागू हुने गरी सातौं तहमा तह मिलान गरिएको छ अधिकृत सातौं तहमा तह मिलान हुनु भएकोमा हार्दिक बधाई छ।

| **हालको विवरण** | **तहबृद्धि भएको विवरण** |
|---|---|
| पद-<br>तह-<br>सेवा-<br>समुह-<br>कार्यालय-<br>छैठौं तहमा सुरु नियुक्ति मितिः | पद -<br>तह-<br>सेवा-<br>समुह -<br>कार्यालय-<br>सातौं तहमा ज्येष्ठता लागू हुने मितिः |

श्री .....................................

संकेत नं.................................

.............................

प्रमुख प्रशासकीय अधिकृत

<u>वोधार्थ-</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

श्री लोकसेवा आयोग, केन्द्रिय कार्यालय, अनामनगर, काठमाण्डौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश विराटनगर नेपाल ।

श्री राष्ट्रिय किताबखाना (निजामती) पुल्चोक ललितपुर।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश विराटनगर नेपाल ।

श्री प्रदेश कितावखाना, कोशी प्रदेश विराटनगर नेपाल ।

श्री कर्मचारी सञ्चय कोष , विराटनगर।

श्री सावधिक जिवन विमा कोष, विराटनगर।

श्री नागरिक लगानी कोष, विराटनगर ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, संखुवासभा।

श्री आर्थिक प्रशासन शाखा, चैनपुर नगरपालिका ।

आज्ञाले

सन्तोष श्रेष्ठ

प्रमुख प्रशासकीय श्रेष्ठ